मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ११६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २९ गते मंगलबार ❑ 12 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## नीति तथा कार्यक्रममा यस्ता छन् सरकारका प्राथमिकता

**रासस**
काठमाडौं, २८ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्का संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको छ। सोमबार अपराह्न सिंहदरबारस्थित सङ्घीय संसद् भवनमा उहाँले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो।

सरकारले आर्थिक विकास, पूर्वाधार प्रवर्द्धन, सुशासन, सामाजिक न्यायलाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेको छ । यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गत निर्वाचनमा सार्वजनिक गरेको वाचापत्रमा समावेश गरिएका विषयवस्तुलाई समेत यसमा समावेश गरिएका छन्।

रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारले आगामी आर्थिक वर्षका लागि एक सय बुँदामा समेटिएको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको हो। सरकारले भौतिक पूर्वाधारको विकास, सूचना प्रविधिको प्रयोग एवम् वित्तीय तथा प्रशासनिक मोडल कार्यक्रममा समावेश गरिएको छ। वैकल्पिक विकास वित्त, डायस्फोरा पुँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडल



लागू गर्ने जनाइएको छ। यस्तै, रूपान्तरणकारी आयोजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समय सीमासहित अघि बढाउने, आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता, डिजिटल ट्र्याकिङ, जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधान गर्दै आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने नीति लिइएको छ।

सार्वजनिक खर्चलाई परिणाममुखी बनाउने, सार्वजनिक संस्थान सुधार गर्ने र खर्च कटौती गर्ने लक्ष्य राखेको सरकारले सीमारहित अर्थतन्त्र र तौलरहित व्यापारलाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात् गरेको छ । नीति तथा कार्यक्रममा अन्तरराष्ट्रिय 'पेमेन्ट गेटवे'लाई कानुनी मान्यता दिई विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाउने लक्ष्य राखेको छ। सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरेर महत्त्व दिइएको छ भने नेपाललाई 'टेक हब'का रूपमा अगाडि बढाउने, सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत दिने, लगानी सहजीकरण गर्ने लक्ष्य राखिएको छ।

सरकारले व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म ३० दिनभित्र सम्पन्न गर्ने 'लगानी एक्सप्रेस नीति' लागू गर्ने, तोकेभन्दा बढी लगानी गर्ने लगानीकर्तालाई 'नेपाली लगानी भिसा' उपलब्ध गराउने नयाँ कार्यक्रम अगाडि सारेको छ । 'स्टार्ट अप नेपाल पोर्टल'मार्फत लगानी गर्नेलाई एकैदिन कम्पनी दर्ता, कर छुट, बिउ पुँजीलगायत सेवा प्रदान गर्ने, ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक र उद्यमशील पेसाका रूपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्द्धन गरिएको छ।

वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गर्ने, लगानी अगाडि नै बालीको न्यूनमतम समर्थन मूल्य तोक्ने, सिधैँ किसानको बैङ्क खातामा रकम जम्मा हुने व्यवस्थाका अलावा खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई सक्षम बनाउने सरकारको कार्यक्रम छ।

नापी र मालपोत सेवालाई एकीकरण गरी जग्गा प्रशासन सेवा चरणबद्ध रूपमा सबै स्थानीय तहमा विस्तार गर्ने, आधुनिक प्रविधिबाट भूमिको नाप नक्सा गर्ने कार्यक्रम समाावेश गरिएको छ । नेपाल कार्बन प्राधिकरण गर्ने, वन डढेलो उच्च सतर्कता केन्द्र स्थापाना गर्ने, अन्तरराष्ट्रिय जलवायु वित्तमा पहुँच बृद्धि, हरित बण्ड ढाँचा विकास गर्ने र 'नेट जिरो २०४५' लाई पूर्ण प्रतिबद्धताका साथ कार्यान्वयन गर्ने योजना अगाडि सारिएको छ । राष्ट्रिय औद्योगिक नीति तर्जुमा गर्ने, राष्ट्रिय उद्यम प्रवर्द्धन सुविधा दिने, नेपाल व्यापार एकीकृत रणनीति र

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी एसइईमा उत्तीर्ण

**रासस**
काठमाडौं, २८ बैशाख

राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको (२०८२ सालको) माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा सोमबार राति ९:१५ बजे सार्वजनिक गरेको छ।

सरकारले वैशाख २९ गतेभित्र नतिजा सार्वजनिक गर्नुपर्ने समयसीमा दिएपछि बोर्डले तीव्रगतिमा तयारी गरी परीक्षा सम्पन्न भएको २९ दिनमा नतिजा सार्वजनिक गरेको हो।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आज राति ९:१५ बजे आयोजित पत्रकार सम्मेलनमा एसइई परीक्षामा ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका शिक्षासचिव चुडामणि पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार परीक्षामा दुई लाख ८४ हजार १६० विद्यार्थी ग्रेडेड भएका र एक लाख ४६ हजार ५०७ परीक्षार्थी ननग्रेडेड भएका छन्। यसपटक एसइईमा दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्रले परीक्षाको फाराम भरेकामा चार लाख ३० हजार ६६७ जना परीक्षामा सहभागी भएका शिक्षासचिव पौडेलले जानकारी दिनुभयो। सार्वजनिक नतिजाअनुसार ४८ हजार ३९२ परीक्षार्थीले सबैभन्दा उच्च जिपिए अर्थात् तीन दशमलव ६० देखि चार ल्याएका छन् भने ८० हजार ३७२ जनाले तीन दशमलव २० देखि तीन दशमलव ६० जिपिए ल्याएका छन्। त्यस्तै, ९४ हजार २२२ जनाले दुई दशमलव ८० देखि तीन दशमलव २० जिपिए, ५५ हजार ९७७ जनाले दुई दशमलव ४० देखि दुई दशमलव ८० जिपीए, पाँच हजार १९० जनाले दुईदेखि दुई दशमलव ४० जिपिए र सात जनाले एक दशमलव ६० देखि दुई जिपिए ल्याएका शिक्षासचिव पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार नननग्रेडेड (एनजी) प्राप्त गर्ने विद्यार्थीहरूले पुनःग्रेड वृद्धि परीक्षा दिनुपर्नेछ। दुई विषयसम्म एनजी आउने विद्यार्थीका लागि तत्कालै ग्रेड वृद्धि परीक्षा सञ्चालन गरिने जनाउँदै सोभन्दा बढी विषयमा एनजी आउनेहरू अर्को वर्षको नियमित परीक्षामा सहभागी हुनुपर्ने व्यवस्था गरिएको पत्रकार सम्मेलनमा उहाँले बताउनुभयो।

यसवर्ष एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने शिक्षा मन्त्रालयको निर्देशनपछि बोर्डले परीक्षा केन्द्रमा उत्तरपुस्तिका परीक्षण गराएको थियो। वैशाख ५ गतेसम्ममा देशैभरबाट उत्तर पुस्तिका बोर्डको कार्यालयमा सङ्कलन गरी नतिजा अध्यावधिक गर्ने, कम्प्युटरमा प्रविष्ट गराउने काम थालिएको थियो । गत वर्ष असार १३ गते परीक्षाफल सार्वजनिक भएको थियो।

## अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गरिने

**रासस**
रासस, २८ बैशाख

आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा सरकारले गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा थप अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षण गर्न कूटनीतिक पहल गर्ने जनाएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार सङ्घीय संसद्को संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै हवाई पूर्वाधार विस्तार, अन्तरराष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विस्तार गरिने बताउनुभयो।

नीति तथा कार्यक्रममा नागरिक उड्डयन क्षेत्रमा संरचनात्मक सुधार, निजी क्षेत्रको सहभागिता विस्तार र अन्तरराष्ट्रिय सुरक्षा मापदण्ड कार्यान्यन गरिने जनाइएको छ । पर्यटक भिसा सेवालाई पूर्णरुपमा अनलाइन प्रणालीमा आबद्ध गरिने उल्लेख गर्दै सरकारले अन्तरराष्ट्रिय विमानस्थलमा इ-गेट प्रणाली जडान गरी यात्रुको प्रतिक्षा समय घटाइने जनाइएको छ।

## कृषि एम्बुलेन्सबाट ल्याइएका ताजा तरकारी किन्न उपभोक्ताको भिड

**पोखरापत्र संवाददाता**
पोखरा, २८ बैशाख

गाउँगाउँमा उत्पादन भएका कृषि उपज कृषि एम्बुलेन्समार्फत पोखराको बजारसम्म आउन थालेपछि उपभोक्तामा उत्साह थपिएको छ । पोखरा महानगरपालिकाले सञ्चालन गरेको कृषि एम्बुलेन्स सेवामार्फत किसानका तरकारी तथा फलफूल सिधै उपभोक्तासम्म पुग्न थालेपछि किसान बजारमा किनमेल गर्नेको भिड बढ्न थालेको हो।



सोमबार पोखरा महानगरपालिका-७ रत्नचोकमा सञ्चालन गरिएको किसान बजारमा दिउँसो ३:०० बजेदेखि उपभोक्ताको उल्लेख्य भीड लागेको थियो । फर्सीका मुन्टा, सिमी, काँक्रो, गोलभेँडा, करेला, पालुङो, रायो सागलगायत ताजा हरियो तरकारी खरिद गर्न गृहिणीदेखि कर्मचारीसम्म किसान बजारमा पुगेका थिए । पोखरा-७ गंगा बहादुर थापाले पहिले तरकारी किन्न पृथ्वीचोकसम्म जानुपर्ने बाध्यता रहेको बताउँदै अहिले घर नजिकै ताजा तरकारी पाउँदा खुसी लागेको बताउनुभयो। "यसरी घर नजिकै छानीछानी ताजा तरकारी पाउन थालेपछि सहज भएको छ। बजार नियमित सञ्चालन भए झन् राम्रो हुन्थ्यो," उहाँले भन्नुभयो। पोखरा महानगरपालिकाले स्थानीय उत्पादनको प्रवर्द्धन र किसानलाई बजार सुनिश्चित गर्ने उद्देश्यले कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्दै आएको छ । महानगरको कृषि तथा पशुपन्छी महाशाखाका अनुसार ग्रामीण क्षेत्रमा उत्पादित तरकारी तथा फलफुल सङ्कलन केन्द्रमार्फत सङ्कलन गरी चिस्यान सुविधासहितको कृषि एम्बुलेन्सबाट बजारसम्म ल्याइने गरिएको छ । पोखरा महानगर आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले कृषि एम्बुलेन्सले उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध जोडेको बताउनुभयो । उहाँका अनुसार साना किसानले आफैं बजारसम्म उत्पादन ल्याउन नसक्ने समस्या अब हटेको छ। "किसानले सङ्कलन केन्द्रमा उत्पादन ल्याउने गर्नुहुन्छ, त्यसपछि कृषि एम्बुलेन्सले बजारसम्म ल्याएर बिक्री वितरणमा सहयोग गर्छ," उहाँले भन्नुभयो। उहाँले कृषि एम्बुलेन्स सञ्चालनपछि उपभोक्ताले ताजा, स्वस्थ र कम विषादीरहित तरकारी उपभोग गर्न पाएको बताउँदै ढुवानीका क्रममा हुने क्षति पनि घटेको जानकारी दिनुभयो । "पहिले बाहिरबाट ल्याउँदा तरकारी बिग्रिने र प्रदूषित हुने समस्या थियो। अहिले एक-दुई घण्टामै उत्पादन उपभोक्तासम्म पुग्ने गरेको छ," उहाँले भन्नुभयो।

पोखराका वडा नम्बर ४, ६, ७ र १७ लगायतका क्षेत्रमा कृषि हाट बजार सञ्चालन हुँदै आएको कर्मचारी श्यामलाल पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि एम्बुलेन्समार्फत पोखरा-२२, २५, २८, ३३ लगायतका वडाबाट कृषि उपज सङ्कलन गरी ग्रेडिङ गरेर न्यूनतम पाँचदेखि १० प्रतिशत नाफामा बिक्री गरिन्छ । कृषि हाट बजारमा सिमी प्रतिकेजी १२० रुपैयाँ, काँक्रो ८० रुपैयाँ, गोलभेँडा १०० रुपैयाँ, गाजर ६० रुपैयाँ, बन्दा ५० रुपैयाँ तथा तरबुजा प्रतिकेजी ६० रुपैयाँमा बिक्री भएको थियो । ताजा तरकारी सहज मूल्यमा पाउन थालेपछि बजारमा खरिदकर्ताको चहलपहल बढेको व्यवसायीले बताएका छन्। वडा स्तरीय कृषि सञ्जाल पोखरा-७ का अध्यक्ष पंकज पौडेलले जनप्रिय मार्गमा सञ्चालन भइरहेको कृषि हाट बजार प्रभावकारी बनेको बताउँदै स्थायी संरचना निर्माण गर्न सके बजार अझ व्यवस्थित हुने बताउनुभयो । उहाँले उत्पादन व्यवस्थापन र समन्वय राम्रो भए हप्तामा तीन दिनसम्म बजार सञ्चालन गर्न सकिने उल्लेख गर्नुभयो । यसैबीच पोखरा-१३ ढाँडबैंसीका युवा कृषक रोशन बरालले उत्पादन गरेको तरबुजा पनि किसान बजारमा बिक्रीका लागि ल्याइएको छ। यस वर्ष करिब २० रोपनी क्षेत्रफलमा तरबुजा खेती गरेका बरालले स्थानीय उपभोक्ताबाट राम्रो प्रतिक्रिया पाइरहेको बताउनुभयो । उहाँले प्रतिकेजी ६० रुपैयाँमा तरबुजा बिक्री भइरहेको जानकारी दिनुभयो। कोरोना महामारीपछि कृषि पेशामा लाग्नु भएको बराल अहिले व्यावसायिक खेतीमार्फत आत्मनिर्भर बन्ने अभियानमा जुट्नुभएको छ। उहाँले अफ सिजन उत्पादनमा जोड दिए राम्रो आम्दानी गर्न सकिने अनुभव सुनाउँदै कृषिमा सम्भावना प्रशस्त रहेको बताउनुभयो । पोखरा महानगरपालिकाले सञ्चालन गरेको कृषि एम्बुलेन्स सेवाले किसानलाई बजारको सुनिश्चितता दिलाउनुका साथै उपभोक्तालाई ताजा कृषि उपज उपलब्ध गराउँदै स्थानीय उत्पादन प्रवर्द्धनमा टेवा पुऱ्याएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हाइकर्स क्लबको ७० औं श्रृङ्खला स्वास्थ्य र पर्यटनको सन्देश दिँदै सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

प्रकृतिसँग नजिकिँदै स्वास्थ्य, पर्यटन प्रवर्द्धन र सामाजिक एकताको सन्देश दिने उद्देश्यका साथ हाइकर्स क्लब नेपालद्वारा आयोजित हाइकिङ भाग ७० कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ। पोखरा-कास्की क्षेत्रका विभिन्न धार्मिक तथा पर्यटकीय स्थल समेटिएको उक्त पदयात्रामा क्लबका पदाधिकारी, सदस्य, पर्यटनप्रेमी तथा प्रकृतिप्रेमीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

सहभागीहरु शनिबार विहान पोखरा ९ दरबारथोक, न्युरोडमा भेला भई कार्यक्रममा सहभागीहरूले राष्ट्रिय झण्डासहित दिनभर पैदल २५ किमि हाइकिङ गर्दै प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र धार्मिक महत्व बोकेका क्षेत्रहरूको अवलोकन गर्दै स्वास्थ्य र पर्यटन प्रवर्द्धनको सन्देश फैलाएका थिए। कार्यक्रममा सहभागीहरू एउटै पोशाकमा देखिनुका साथै अनुशासित र उत्साहपूर्ण उपस्थितिले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो। कार्यक्रमको क्रममा सहभागीहरूले 'स्वास्थ्य र पर्यटनका लागि हाइकिङ' भन्ने मूल नारालाई आत्मसात गर्दै नियमित हिँडाइले मानिसको शारीरिक तथा मानसिक




स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने बताएका थिए। पछिल्लो समय प्रविधिको अत्यधिक प्रयोग र व्यस्त जीवनशैलीका कारण मानिसहरूमा शारीरिक गतिविधि कम हुँदै गएको अवस्थामा यस्ता हाइकिङ कार्यक्रमले समाजलाई सकारात्मक ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गरिएको थियो।

पोखरालाई केवल पर्यटकीय राजधानीका रूपमा मात्र नभई प्राकृतिक हाइकिङ गन्तव्यका रूपमा पनि अन्तर्राष्ट्रिय स्तरमा चिनाउन आवश्यक रहेको क्लबका अध्यक्ष कृष्ण रानाभाटले वताए। उनका अनुसार पोखरामा रहेका डाँडा, वन, ताल, धार्मिक स्थल र हिमाली दृश्यहरूले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने ठूलो सम्भावना बोकेको छ। यस्ता पदयात्राले स्थानीय पर्यटन व्यवसायलाई समेत टेवा पुग्ने विश्वास गरिएको छ।

हाइकिङ भाग ७० मा सहभागीहरूले पोखराको मुख्य वजार क्षेत्र महेन्द्र पुलस्थित सेतीनदी किनारमा रहेको अन्तराष्ट्रिय झण्डा पार्क, फल्चा, वगरको केआईसिं पुल, काली खोलाको झोलुङ्गे पुल, हरिहर गुफा, भलाम डाँडा गाउँ लगाएतका विभिन्न स्थानको अवलोकन गर्दै वातावरण संरक्षण, सरसफाइ र प्रकृतिप्रेम सम्बन्धी सन्देशसमेत प्रवाह गरेका थिए। कार्यक्रममा सहभागीहरूले प्लास्टिकजन्य फोहोर नगर्ने, पर्यावरण जोगाउने तथा पर्यटन क्षेत्र सफा राख्ने प्रतिबद्धता व्यक्त गरेका थिए। क्लबले आगामी दिनमा पनि सरसफाइ अभियान, वृक्षारोपण, सामाजिक सेवा तथा युवालाई सकारात्मक गतिविधिमा जोड्ने कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ। कार्यक्रममा सहभागी धेरैले हाइकिङ केवल मनोरञ्जन मात्र नभई स्वास्थ्य सुधार, मित्रता विस्तार, मानसिक शान्ति र सामाजिक सद्भाव बढाउने माध्यम भएको बताएका थिए। विशेषगरी युवापुस्तालाई कुलतबाट टाढा राख्न, प्रकृतिसँग जोड्न र सकारात्मक सोच विकास गर्न यस्ता गतिविधि प्रभावकारी हुने हाइकिङ संयोजक पितम सेनले वताए।

हाइकर्स क्लब नेपालले विगत केही वर्षदेखि पोखरा तथा आसपासका क्षेत्रमा नियमित रूपमा हाइकिङ, पर्यटन प्रवर्द्धन, सामाजिक सेवा र वातावरण संरक्षणसम्बन्धी अभियान सञ्चालन गर्दै आएको छ। क्लबले स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्राकृतिक सम्पदाको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेल्दै आएको सहभागीहरूको भनाइ थियो। कार्यक्रमको अन्त्यमा सहभागीहरूले राष्ट्रिय झण्डासहित सामूहिक तस्वीर खिच्दै 'स्वस्थ शरीर, स्वच्छ वातावरण र समृद्ध पर्यटन'को सन्देश दिएका थिए। सहभागीहरूले आगामी दिनमा अझ वृहत् सहभागितासहित यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।



याक र चौरीलाई लेक लगिँदै : बर्खा लागेसँगै मुस्ताङको थासाङ गाउँपालिका-५ स्थित टिटी गाउँबाट नुप्साङ लेकतर्फ याक, नाक र चौरीको बथान लैजादै लार्जुङ गाउँका राजेन्द्र शेरचन। तस्बिरः सुशीलबाबु थकाली/रासस

# नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिमा १९ सदस्य मनोनित

रासस
रासस, २८ बैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले १९ जना महाधिवेशन प्रतिनिधिलाई केन्द्रीय कार्यसमितिको सदस्य पदमा मनोनयन गर्नुभएको छ।

पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले दिनुभएको जानकारीअनुसार पार्टीको विधान, २०१७ (संशोधनसहित) को धारा २१ को उपधारा (१०) बमोजिम महेन्द्र यादव धनुषा, जीवन परियार कास्की, उमेश श्रेष्ठ चितवन, रमेश रिजाल पर्सा, सुजाता कोइराला मोरङ, दिलेन्द्रप्रसाद बडु दार्चुला, डाक्टर चन्द्रकान्त भण्डारी गुल्मी, अजयकुमार चौरासिया पर्सा, लक्ष्मी परियार उदयपुर, आङ्गेलु शेर्पा सोलुखुम्बू, दिनेशकुमार यादव सप्तरी, राजीव कोइराला सुनसरी, राजीव ढुङ्गाना सुनसरी, गोविन्दराज पोखरेल प्युठान, सुशीला मिश्र भट्ट कैलाली, नागिना यादव महोत्तरी, दिनेश कोइराला चितवन, डा जीवन राना कैलाली र सीता थपलिया (उर्मिला) धादिङलाई केन्द्रीय सदस्य पदमा मनोनयन गर्नुभएको हो।

विशेष महाधिवेशनबाट निर्वाचित सभापति थापाले पहिलोपटक कार्यसमितिमा १९ जनालाई मनोनित गर्नुभएको हो।

# नीति तथा कार्यक्रमबारे नेताहरूको मिश्रित प्रतिक्रिया

रासस
रासस, २८ बैशाख

सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको नीति तथा कार्यक्रमबारे विभिन्न राजनीतिक दलका नेताहरूबाट मिश्रित प्रतिक्रिया प्राप्त भएको छ।

सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा आज राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा प्रतिक्रिया दिँदै उद्योग तथा वाणिज्य, श्रम तथा उपभोक्ताहित समितिका सभापति रहबर अन्सारीले नवीनतम विषयवस्तु समेटिएकाले नीति तथा कार्यक्रम प्रगतिशील रहेको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "यसपालि नयाँ प्रकारको बजेट आउँछ। विगत लामो समयदेखि अड्किएका धेरै विषयवस्तुलाई बजेटले खुकुलो तुल्याउँछ।" स्वतन्त्र सांसद महावीर पुनले नीति तथा कार्यक्रममा सबै विषयवस्तु मेटिएकाले समग्रमा राम्रो रहेको प्रतिक्रिया दिनुभयो। यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुस्बु ओलीले नीति तथा कार्यक्रममा समेटिएका विषयवस्तु राम्रा भए पनि कार्यान्वयनका आधारमा मूल्याङ्कन गर्न उपयुक्त हुने प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "नीति तथा कार्यक्रम जहिले पनि राम्रो आउँछ, मुख्य विषय भनेको कार्यान्वयन हो, त्यो कस्तो हुन्छ हेर्नुपर्ने हुन्छ।" श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज गुरुङकले नीति तथा कार्यक्रममा विभिन्न विषयका नवीनतम कार्यक्रम उल्लेख भए पनि त्यसका लागि स्रोत कसरी जुटाउने भन्ने स्पष्ट नदेखिएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "नीति तथा कार्यक्रममा समेटिएका कतिपय विषयवस्तु फरक छन्। यस्तो गर्ने, उस्तो गर्ने भनिए पनि कसरी गर्ने, कहाँबाट स्रोत जुटाउने भन्ने प्रष्ट दृष्टिकोण देखिन्न। अब बजेट कस्तो आउँछ हेर्नुपर्छ।" नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद पुष्पराज कँडेलले नीति तथा कार्यक्रम विषयवस्तुका हिसाबले हिजोको निरन्तरताका रूपमा रहेको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "विगतको निरन्तरका रूपमा नीति तथा कार्यक्रम आएको छ, केही नयाँ विषय पनि परेका छन्। बाँकी कार्यक्रम कार्यान्वयनका आधारमा मूल्याङ्कन हुनुपर्छ।"

# पोउवा संघमा महासंघकी केन्द्रीय सदस्य हीरा भट्टराईलाई बधाई र शुभकामना

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

पोखरा उद्योग वाणिज्य संघले नवनिर्वाचित नेपाल उद्योग वाणिज्य महासंघकी केन्द्रीय सदस्य हीरा भट्टराईलाई सोमबार बधाइ ज्ञापनसहित कार्यकालको सफलताको कामना गरेको छ।

पोखरा उद्योग वाणिज्य संघकी पूर्वउपमहासचिव तथा हाल साधारण सदस्य रहेकी भट्टराई यही वैशाख २१ र २२ गते सम्पन्न ६० औं वार्षिक साधारण सभाबाट महिलातर्फ केन्द्रीय सदस्य निर्वाचत भएकी हुन्। पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमका अनुसार भट्टराई पोखरा उद्योग वाणिज्य संघको तर्फबाट केन्द्रीय



सदस्यको प्रत्यासी बनेकी थिइन्।

नवनिर्वाचित केन्द्रीय सदस्य भट्टराईलाई बधाइ ज्ञापन गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले मातृ संस्थाको गरिमामय इतिहासलाई नबिर्सन र निजी क्षेत्रको हितका लागि निरन्तर क्रियाशील रहन आग्रह गरे। २०२२ सालमा नेपाल उद्योग वाणिज्य महासंघको स्थापना हुँदा नै पोखरा उद्योग वाणिज्य संघको तर्फबाट त्रैलोक्यनाथ श्रेष्ठले उपाध्यक्षको भूमिका निभाउनु भएको प्रसंगबाट आफ्नो भनाइ सुरु गरेका अध्यक्ष कार्कीले त्यसपछि विभिन्न कालखण्डमा पोखराको तर्फबाट महासंघमा भएको प्रतिनिधित्व तथा पूर्वअध्यक्ष आनन्दराज मुल्मीले अध्यक्षको रुपमा सम्पादन गर्नुभएको कार्यकालको पनि स्मरण गर्दै अगाडि भने,'यो गर्विलो इतिहासलाई हामीले भुल्नु हुँदैन।' कार्यक्रममा बोल्दै नवनिर्वाचित केन्द्रीय सदस्य हीरा भट्टराईले मातृ संस्थाको गरिमा बढाउन र निजी क्षेत्र अनि खासगरी महिला उद्यमशीलता विकासका निम्ति काम गर्ने प्रतिवद्धता जनाइन्।

पोखरा उद्योग वाणिज्य संघमा साधारण सदस्यको रुपमा भएको प्रवेश र त्यसपछि महिला उद्यमशीलता विकासका निम्ति खेलेको भूमिकाको स्मरण गर्दै उनले आफूलाई केन्द्रीय सदस्यको रुपमा अगाडि सारेकोमा संघको नेतृत्वलाई धन्यवाद ज्ञापन गरिन्। संघकी महासचिव शोभा गौतमको संचालन रहेको सो कार्यक्रममा कोषाध्यक्ष मनोजकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गरेका थिए।

# ट्रेड युनियन खारेज गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

रासस
काठमाडौं, २८ बैशाख

सर्वोच्च अदालतले ट्रेड युनियन खारेज गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु कुमार रेग्मी, हरिप्रसाद फुयाल, विनोद शर्मा र शारङ्गा सुवेदीको संवैधानिक इजलासमा कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु कुमार रेग्मी, हरिप्रसाद फुयालले उक्त निर्णय कार्यान्वयन नगर्न अल्पकानीन अन्तरिम आदेश गर्नुभएको हो।

न्यायाधीशहरु विनोद शर्मा र शारङ्गा सुवेदीले भने फरक मत राख्दै अपूरणीय क्षति नपुग्ने भएकाले अल्पकालीन आदेश दिने विषयमा सहमति नभएको जनाउनुभएको छ। आदेशमा भनिएको छ, "हाललाइ केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ को दफा १० कार्यान्वयन नगर्नु नगराउनू भनी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (४) बमोजिम विपक्षीहरुका नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ।"

# नीति तथा ...

व्यापार घाटा न्यूनीकरण कार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्ने विषयलाई सरकारको नीति तथा कार्यक्रममा महत्वका साथ समावेश गरिएको छ। 'भिजिट नेपाल २०८५' को पूर्वतयारीका लागि पर्यटक आगमन प्रति पर्यटक खर्च वृद्धि र बसाइँ अवधि बढाउने गरी अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, देवभूमि नेपाल राष्ट्रिय अभियान सञ्चालन गर्ने, नेपाल होमस्टेको ब्रान्डिङ गर्ने, नेपालमा बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने 'रिमोट वर्क' नीतिको कानुनी व्यवस्था गरिने भएको छ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सिपलाई डिजिटल सिप पासपोर्ट अभिलेखीकरण गरी अन्तरराष्ट्रिय व्यवसायिक प्रमाणीकरण उपलब्ध गराइनेछ। विप्रेषण लगानी मिलान कोष, रोजगार प्रवर्द्धन दशकजस्ता नयाँ कार्यक्रम समावेश गरिएको आगामी आवको नीति तथा कार्यक्रममा बालबाालिका उत्तरदायी बजेट कोड लागू गर्ने, राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला स्थापना गर्ने, 'हिमालयन ओरजिन सर्टिफाइड वाटर' अर्थात् नेपाली जलको ब्रान्डिङ गर्ने कार्यक्रम समावेश गरिएको छ। लगानी एक्सप्रेस, आगामी साउनदेखि शून्य दिन खरिद नीति लागू गर्ने, एआइको अधिकतम् प्रयोग गर्ने, 'ब्राण्ड नेपाल' अभियान, 'सेन्ट्रल रेस्पोन्स युनिट', ज्ञान बैङ्क स्थापना, एकल सेवा केन्द्र सबै कार्यालयमा स्थापना गर्ने, राष्ट्रिय सतर्कता केन्द्रलाई भ्रष्टाचार निवारण इकाईका रूपमा पुनःसंरचना गर्ने, विश्वसनीय थिङ्कट्याङ्क तथा राष्ट्रिय नीति शोधशालाको रूपमा विकास गर्नेलगायत महत्त्वपूर्ण कार्यक्रम समावेश गरिएका छन्।

स्वास्थ्यमा ध्यान दिऔं।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतवाट लिऔं।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा भगन्दर सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# एसइई परिक्षा र नतिजामा सुधार

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा सार्वजनिक गरेको छ । नतिजा अनुसार कुल ६५.९८ प्रतिशतभन्दा बढी विद्यार्थी ग्रेडेड भएका छन् । बोर्डका अनुसार २ लाख ८४ हजार १६० जना ग्रेडेड भएका छन् भने १ लाख ४६ हजार ५०७ जना ननग्रेडेड भएका छन् । यो नतिजा अघिल्लो वर्षको तुलनामा चार प्रतिशत सुधार भएको बोर्डले जनाएको छ । नतिजा अनुसार १.६ देखि २ जिपिए – ७ जना, २ देखि २.४ जिपिए – ५१९० जना, २.४ देखि २.८ जिपिए – ५५९७७ जना, २.८ देखि ३.२ जिपिए – ९४२२२ जना, ३.२ देखि ३.६ जिपिए – ८०३७२ जना, ३.६ देखि ४ जिपिए – ८३९२ जना छन ।

सरकारले यसपालिदेखि एसइई परीक्षाको नतिजा एक महिनाभित्रै सार्वजनिक गर्ने घोषणा गरे अनुसार वैशाख २९ को मिति तय गरिएको थिया । तर समयमै काम सकिएकाले एक दिनअगावै नतिजा सार्वजनिक भएको छ । विगतमा करिब तीन महिना लाग्दै आएको एसइई नतिजा प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले पहिलो पटक एक महिनामा ल्याउन लागेको हो । यसअघिका वर्षमा एसइईको नतिजा जेठ अन्तिमदेखि असार पहिलो साता सार्वजनिक गरिन्थ्यो । चैत १९ देखि देशभर सञ्चालन भएको एसइई परीक्षा चैत २९ गते सकिएको थियो । यस वर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी थिए । तीमध्ये नियमिततर्फ ४ लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिएका छन् ।

त्यसमा दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य सात जना छन् । सरकारले यस वर्षको एसइई परीक्षाको नतिजा एक महिनाभित्रै सार्वजनिक गर्ने घोषणा गर्दा धेरैले यसलाई शंकाले हेरेका थिए। विगतमा तीन-चार महिना लाग्दै आएको नतिजा एक महिनामै सार्वजनिक गर्न सक्नुलाई सरकार, शिक्षक र कर्मचारीको सहकार्यको रुपमा लिनुपर्छ । सरकारले आफ्नो घोषणा सफल रूपमा कार्यान्वयन गरेर एसइई नतिजामा ऐतिहासिक उपलब्धि हासिल गरेको छ । बालेन सरकारले पहिलो पटक एक महिनामै रिजल्ट निकालेर सरकारी संयन्त्रलाई प्रभावकारी ढंगमा परिचालन गरियो भने द्रुत गतिमा काम फत्ते गर्न सकिन्छ भन्ने प्रमाणित गरेको छ । यसअघिका वर्षमा एसइई नतिजा जेठ अन्तिमदेखि असार पहिलो साता सार्वजनिक गरिन्थ्यो । नतिजा छिटो सार्वजनिक गर्न कर्मचारीहरूले पछिल्लो एक महिना एक दिन पनि बिदा नबसी काम गरेका थिए । निर्धारित समयभित्र रिजल्ट सार्वजनिक गर्न परीक्षा नियन्त्रण शाखा मात्र नभई अरू शाखाका कर्मचारीको पनि बिदा काटिएको थियो। शनिबार र अरू सार्वजनिक बिदा पनि दिइएको थिएन ।

यति मात्र होइन, कर्मचारीहरूले दिनको १२ घन्टाभन्दा बढी लगातार काम गरेका थिए । एक महिनासम्म एक दिन पनि बिदा नलिई बिहान ६ बजेदेखि बेलुका ७ बजेसम्म काम गरिएको थियो । परीक्षा नियन्त्रण शाखामा सीमित कर्मचारी भए पनि कामको चाप बढेकाले थप जनशक्ति परिचालन गरिएको थियो । यस वर्ष नतिजा छिटो आउनुको अर्को कारण परीक्षा केन्द्रमै कापी जाँच्ने व्यवस्था पनि हो । बोर्डले एक महिनामै रिजल्ट सार्वजनिक गर्ने सरकारको निर्णय अनुसार हरेक विषयको परीक्षा सकिएको तीन दिनभित्र कापी जाँच्ने भनेको थियो। त्यसै अनुसार वैशाख पहिलो साताभित्रै सबै विषयको कापी जाँचेर उत्तर पुस्तिका र नम्बर बोर्डमा बुझाउन भनिएको थियो । एसइईको कापी जाँच्ने अनुमति हरेक शिक्षकलाई हुँदैन। शिक्षक लाइसेन्स पाएका र कम्तिमा दुई वर्षदेखि एसइई तहका विद्यार्थीलाई सम्बन्धित विषय पढाइरहेका शिक्षकले मात्र उक्त विषयको उत्तरपुस्तिका जाँच्न पाउने व्यवस्था थियो ।

यसरी हरेक विषयको जाँच सकिएलगत्तै कापी जाँच्न थालिएकाले एसइई सुरू भएदेखि विद्यालयहरू बिहान ६ देखि साँझ ७ बजेसम्म खुला राखिएको थियो । परीक्षा अवधिभर ६-७ जना प्रहरी खटिएका हुन्थे भने एक जना प्रहरी चौबीसै घन्टा विद्यालयको सुरक्षामा रहने व्यवस्था गरिएको थियो।परीक्षा सकिएको एक साताभित्रै सबै केन्द्रले मार्कस्लिप र उत्तरपुस्तिका बुझाएका कारण प्रक्रिया छिटो भएको हो।यसलाई अरुले पनि अनुसरण गरेमा समयमै नतिजा निकाल्न सकिन्छ । सरकारको यश प्रकारको कामलाई सबैले सहयोग गर्छन भन्ने उदाहरण पनि हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# युक्रेनका माक्सिम र बेल्जियमकी केमिलीलाई एक्सट्रिम ट्रायथलन उपाधि

**पोखरापत्र संवाददाता**
कास्की, २८ बैशाख

पोखरामा सोमबार सम्पन्न पाँचौं संस्करणको हिमालयन एक्सट्रिम ट्रायथलनको उपाधि पुरुषतर्फ युक्रेनका माक्सिम ब्रानेट्स र महिलातर्फ बेल्जियमकी केमिली एटिएनले जितेका छन् ।

नेपालको साहसिक पर्यटन र खेलकुदलाई अन्तरराष्ट्रियस्तरमा चिनाउने उद्देश्यले हिमालयन एक्सट्राइले हरेकवर्षपोखरामायोप्रतियोगिता आयोजना गर्दै आएको छ । यो प्रतियोगिता विश्वकै कठिन मानिन्छ ।

एक्सट्रिम ट्रायथलनमा तीन किमी ८०० मिटर फेवातालमा पौडी, १७५ किमी साइक्लिङ र ४३ किमी पर्वतीय दौड समावेश रहेको थियो । प्रतियोगितामा माक्सिमले १८ घण्टा आठ मिनेटमा निर्धारित दूरी पूरा गर्दै च्याम्पियन बने । प्रतियोगितामा युक्रेनकै दिमित्रो शारोभ द्वितीय र फ्रान्सका वेइमार गोमेज तेस्रो हुन सफल भए । त्यसैगरी, महिलातर्फ च्याम्पियन बनेकी केमिलीले १८ घण्टा ५५ मिनेटमा दौड पूरा गरिन् । अमेरिकाकी लिभ डिट्जेल दोस्रो तथा अष्ट्रेलियाकी रुथ वाकर तेस्रो स्थान हासिल गर्न सफल भइन् । हिमालयन एक्सट्रिम ट्रायथ्लन एक्सट्राइ वर्ल्ड टुरको साझेदार प्रतियोगिता हो । प्रतियोगितामा सहभागी खेलाडीले २०० एक्स-पोइन्ट्स प्राप्त गर्ने प्रतियोगिता आयोजक संस्था हिमालयन एक्सट्राइका रेश डाइरेक्टर रिकेश योन्जनले बताए। सहभागी खेलाडीले शनिबार बिहान पोखराको फेवातालमा पौडीबाट प्रतियोगिता सुरु गरेका थिए । पौडीपछि प्रतियोगीहरू साइक्लिङ सुरु गरे । उनीहरू पोखरा, कुश्मा हुँदै बाग्लुङ पुगेर फर्किएर कास्कीको काँडेमा पुगेर साइक्लिङ अन्त्य गरेका थिए । त्यसपछि सोही स्थानबाट ४३ किमी दौड सुरू भएको थियो ।

सो दौड काँडे हुँदै चार हजार मिटर उचाइको मर्दी हिमालको भ्यू प्वाइन्टमा पुगेर फर्किंदै माछापुच्छे गाउँ पालिकास्थित ल्वाङमा पुगेर सम्पन्न भएको थियो । प्रतियोगितामा विभिन्न १६ देशका महिला तथा पुरुष खेलाडीसँगै सर्पोटिङ स्टाफ सहित ८० भन्दा बढीको सहभागिता रहेको योन्जनले बताए ।

नेपालको कठिन भूगोल, उच्च हिमाली मार्ग र चुनौतीपूर्ण मौसमबीच सम्पन्न यस प्रतियोगिताले साहसिक खेल पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुगेको बताइन्छ । प्रतियोगिताका विजेता खेलाडी, सहभागी एवं सहयोगीलाई सोमबार साँझ पोखरा लेकसाइडमा पदक तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, वि.पि. मार्ग 'ख' लेन नं. ८ एस मा पर्ने वि.पि. मार्ग सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः वि.पि. मार्ग सडक स्तरोन्नति
ठेगानाः पोखरा-१३
योजना सम्झौता मितिः २०८२/०९/१४ गते
योजना सुरु हुने मितिः २०८२/०९/१५ गते
योजना सम्पन्न मितिः २०८२/११/३० गते
योजनाको कुल लागतः रु. ५,५५,५५६।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,५५६।-
उपभोक्ता समिति अध्यक्षः हस्त बहादुर थापा
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**वि.पि. मार्ग सडक स्तरोन्नति उपभोक्ता समिति**
**पोखरा-१३**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ दोविल्लामा नदि नियन्त्रणको कार्य निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : दोविल्ला नदि नियन्त्रण योजना १७
उपभोक्ता समितिको नाम : दोविल्ला नदि नियन्त्रण योजना १७ उपभोक्ता समिति, पोखरा-१७, कास्की
योजना सुरु मिति : २०८२/११/१४
योजना सम्पन्न मिति : २०८३/०१/१५
महानगरपालिकाबाट : रु. २६,५०,०००/-
जनसहभागिता : रु. ३,०३,६००/-
योजनाको कुल लागत : रु. २९,५३,६००/-
आयोजनाबाट लाभान्वित जनसंख्याः ३०० जना

विष्णु गिरी
अध्यक्ष
**दोविल्ला नदि नियन्त्रण योजना १७ उपभोक्ता समिति**
पोखरा-१७, कास्की


# 'अटोमेटिक' प्रविधिबाट नर्सरीमा सिँचाइ

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ बैशाख

यहाँको बागलुङ नगरपालिका-६ को पञ्चकोट जाने बाटैमा गङ्गाबहादुर थापाको फलफूल नर्सरी छ । उहाँ सधैं नर्सरीमै बस्न भ्याइरहनु हुन्न । तर उहाँले नभ्याउँदा पनि आफैँले नियमित सिँचाइ भने गरिरहनुहुन्छ ।

यस्तो कसरी सम्भव भयो होला ? धेरैको मनमा यस्तै जिज्ञासा आउन सक्छ । तर यो प्रविधिको माध्यमबाट सम्भव भएको हो । पाँच रोपनी जमिन ३० हजार रुपैयाँ वार्षिक भाडा तिर्नेगरी लिएर गङ्गाबहादुरले ' पञ्चकोट फलफूल नर्सरी' स्थापना गर्नुभएको हो ।

बीस लाख रुपैयाँ लगानी गरेर स्थापना गरिएको नर्सरीमा टाइफ्लेट नामक जङ्गली तीनपाते सुन्तलाको बिरुवाको जरामा स्थानीय खोकु जातको सुन्तलालाई कलमी गरेर विषम हावापानी सहने बिरुवा उत्पादन गरिरहनु भएको छ । बिरुवालाई कीरा र विभिन्न सङ्क्रमणबाट जोगाउन प्लाष्टिक टनेल र जाली लगाइएको छ । टनेलमा गण्डकी प्रदेशकै नमूना अटोमेसन प्रविधिको जडान गर्नुभएको उहाँले बताउनुभयो । सोही प्रविधिको माध्यमबाट उहाँले जुनकुनै स्थानमा बसेर टनेलमा सिँचाइ गर्दै आउनुभएको छ । सिँचाइको आवश्यकतापश्चात् इन्टरनेटको माध्यमबाट मोबाइलबाटै अटोमेसन प्रविधि सञ्चालन गर्न सकिनेछ ।

बिरुवाको आवश्यकताका आधारमा आफू बागलुङ, म्याग्दी र जहाँ भए पनि अटोमेसन प्रविधिले विद्युत् र इन्टरनेटसँगै मोबाइलको सहायताले सिँचाइ गर्न सक्ने उहाँले बताउनुभयो । इन्टरनेट र विद्युत्मा समस्या भए धारोबाट थोपा सिँचाइ प्रविधिबाट सिञ्चित गर्ने गरेको उहाँको भनाइ छ । "सिँचाइको आवश्यकता भएपछि मोबाइलमा अटोमेसन प्रविधिबाट अनुमति दिएपछि टनेलमा रहेको प्रविधि सक्रिय हुन्छ, टनेलमाथिबाट आकाशबाट पानी परेजस्तै गरी सिँचाइ हुन्छ", थापाले भन्नुभयो, "प्रविधिको प्रयोगले आफू जहाँ भए पनि सिँचाइ गर्न सकिन्छ ।"

उक्त प्रविधिका सञ्चालनका लागि टनेलभित्र विद्युत् र इन्टरनेटको सुविधा भने उपलब्ध भइराख्नुपर्ने हुन्छ । गङ्गाबहादुरले यही स्थानमा फलफूलका बिरुवासँगै गोलभैँडा, खुर्सानी र अन्य तरकारी पनि लगाउनुभएको छ । पाँचवटा हाइटेक टनेलमा विभिन्न मौसमी र बेमौसमी तरकारीखेती गर्नुभएको छ । गङ्गाबहादुरको नर्सरी व्यवस्थापनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङले पनि सघाएको छ । नर्सरी व्यवस्थापनका लागि चार लाख रुपैयाँ परियोजनाले प्रदान गरेको छ । जिल्लाकै उदाहरणीय फार्मलाई थप व्यवस्थापनका लागि परियोजनाले सहयोग गरेको परियोजनाका प्रमुख नारायण पौडेलले बताउनुभयो । त्यसो त गङ्गाबहादुरको स्थायी ठेगाना जैमिनी नगरपालिका-९ पैयुँथन्थाप हो । उहाँ पहिलोपटक गौडाकोट आउँदा रुखो रातो माटो, हिउँदमा धुलाम्य, बर्खामा चिप्लो बाटो थियो । उहाँ जैमिनी छाडेर तरकारीखेती गर्न बागलुङ नगरपालिका छिरेको २० वर्ष भयो ।

उहाँले गौडाकोटलाई कृषिगाउँका रूपमा चिनाएर अन्य स्थानमा समेत कृषिका काम थाल्नुभएको छ । उहाँले कृषिमा आधुनिक प्रविधिसमेत भित्र्याएर अरुका लागि प्रेरणासमेत बन्नुभएको छ । तरकारीखेती गरेर वार्षिक २० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्ने जिल्लाको अगुवा कृषकका रुपमा उहाँ हुनुहुन्छ । बागलुङमा तरकारी र म्याग्दीको भकिम्लीमा १०० रोपनी जमिनमा त्यहाँका स्थानीयसँगको सहकार्यमा सामूहिक किवीखेती फार्म विस्तार गर्नुभएका गङ्गाबहादुरले पछिल्लो समय बागलुङ जिल्लामै नमूना प्रविधिसहितको सुन्तलाको नर्सरी स्थापना गर्नुभएको हो ।

गङ्गाबहादुरको नर्सरी जिल्लामामात्र नभएर देशभरकै किसानलाई समेत सिकाइ केन्द्र बनेको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले बताउनुभयो । धार्मिक पर्यटकको आकर्षण बढिरहेको पञ्चकोटमा गङ्गाबहादुरको नर्सरी र नवीनतम् सोचले कृषि पर्यटकको नजरसमेत कृषिमा पर्न थालेको छ ।

# 'सुपर घलेम्दी' जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ बैशाख

अन्नपूर्ण गाउँपालिका-४ मा रहेको नौ दशमलव १४ मेगावाट क्षमताको 'सुपर घलेम्दी' जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरु भएको छ ।

सुपर घलेम्दी हाइड्रोपावर प्रालि प्रवर्द्धक रहेको आयोजनाले नारच्याङको घलेम्दी र रेलेखोलाको दोभानदेखि अन्नपूर्ण हिमालको फेदीमा प्रस्तावित बाँधस्थल जोड्ने पहुँचमार्ग निर्माण थालेको हो ।

आयोजनाका आवासीय इन्जिनियर प्रकाश भट्टराईले पाँच किलोमिटर ५०० मिटरमध्ये दुई किलोमिटर पहुँचमार्ग निर्माण सकिएको र कर्मचारी आवासका लागि भवन तयार भएको जानकारी दिनुभयो ।

"विद्युत्गृह निर्माण स्थलमा सडक पुर्‍याएर जमिन तयार पार्न पहाड काट्न थालेका छौँ," उहाँले भन्नुभयो, "पहुँचमार्ग खनेपछि बाँध, विद्युत्गृह र पेनस्टक पाइपलाइन जडान तथा प्रसारण लाइन निर्माणलाई समानान्तर गतिमा अघि बढाउने तयारीमा छौँ ।"

रु एक अर्ब ८० करोड लागत अनुमान गरिएको आयोजना आगामी दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बाँधदेखि चार किलोमिटर २०० मिटर दूरीमा पाइपलाइनबाट ल्याइने पानीलाई ४२० मिटर उचाइबाट विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरिने आवासीय इन्जिनियर भट्टराईले बताउनुभयो । आयोजना निर्माणमा उपभोग हुने जग्गा सबै सार्वजनिक हो । निर्माण स्थलमा पर्ने एक हजार ४०० मध्ये ५४६ रूख कटानको आदेश प्राप्त भइसकेको छ भने बाँकी प्रक्रियामा रहेको छ ।

ग्लोबल आइएमई र माछापुच्छ्रे बैङ्क लिमिटेडसँग वित्तीय स्रोत व्यवस्थापनका लागि प्रस्ताव गरिएको आयोजनाले जनाएको छ । कुल लागतको ७० प्रतिशत बैङ्क र ३० प्रतिशत स्वपुँजी रहनेछ । आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि १० प्रतिशत सेयर लगानीको अवसर दिइने भएको छ । नारच्याङ भएर बग्ने नदीहरूमा १६२ मेगावाट क्षमताका पाँच वटा जलविद्युत् आयोजना निर्माण भएका छन् । थप ६३ दशमलव तीन मेगावाट क्षमताको एक वटा आयोजना निर्माणाधीन र १७३ दशमलव १४ मेगावाटका दुई वटा आयोजना निर्माणको प्रक्रियामा छन् । वडाअध्यक्ष लोकबहादुर पुनका अनुसार पाँच मेगावाट क्षमताको घलेम्दीखोला, ४२ मेगावाट क्षमताको म्रिस्तीखोला, ३८ मेगावाट क्षमताको नीलगिरि-१, ७१ मेगावाट क्षमताको नीलगिरि-२ र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना निर्माण सञ्चालनमा आइसकेका छन् ।

नारच्याङको सिमाना भएर बग्ने कालीगण्डकीमा ६६ दशमलव तीन मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजना निर्माणाधीन छ । कालीगण्डकी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको १८४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजना पनि निर्माणको तयारी भएको छ ।

# देवघाटधामको पहिचान र संस्कृति समेटिएको स्थानीय पाठ्यक्रममा

**पोखरापत्र संवाददाता**
दमौली, २८ बैशाख

देवघाट गाउँपालिकाले देवघाटधामको पहिचान, संस्कृति र भूगोललाई समेटेर स्थानीय पाठ्यक्रम लागू गरेको छ ।

पालिकाको पहिचान, संस्कृति र भूगोललाई उजागर गर्ने उद्देश्यले गाउँपालिकाले आधारभूत तह (कक्षा १-५ र ६-८) का लागि 'हाम्रो देवघाट' नामक पाठ्यक्रम चालु शैक्षिक सत्रबाट कार्यान्वयनमा ल्याएको जनाएको छ । उक्त पाठ्यक्रम गाउँपालिकाभित्रका ३५ वटै सामुदायिक विद्यालयमा अध्यापन गराइनेछ । पाठ्यक्रममा देवघाटको ऐतिहासिक तथा धार्मिक महत्व, स्थानीय पर्यटकीय स्थल, जनजीवन, वनस्पति तथा यहाँका जातजातिका संस्कारलाई प्राथमिकताका साथ समेटिएको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो । गाउँपालिकाका प्रवक्ता एवम् वडा ५ का अध्यक्ष पूर्णबहादुर कुँवरले शिक्षालाई जीवनोपयोगी बनाउन र देवघाटको समग्र चिनारीलाई शैक्षिक माध्यमबाट प्रवर्द्धन गर्न पाठ्यक्रमले महत्व राख्ने बताउनुभयो । "स्थानीय आवश्यकता र विशेषतालाई समेटेर पाठ्यक्रम तयार गरिएको छ । जसले विद्यार्थीलाई अपनत्व बनाउन प्रेरित गर्नेछ ।"

# खरायो पैँचो कार्यक्रम: किसानलाई खरायोका बच्चा सहयोग

**रासस**
तनहुँ, २८ बैशाख

र्‍याबिट कर्न्सन नेपालको सहयोगमा यहाँका ११ किसानलाई आइतबार तीनवटाका दरले ३३ वटा खरायोका बच्चा सहयोग गरिएको छ।

कर्न्सनकी निर्देशक पूजा पौडेलले वडाध्यक्ष वसन्तबहादुर आलेलाई केजसहित क्यालिफोर्निया जातको खरायोका बच्चा हस्तान्तरण गर्नुभएको हो । खरायो पैँचो कार्यक्रम नेपालमै पहिलोपटक यस क्षेत्रमा सुरुआत गरिएको र आउँदा दिनमा विस्तार गर्दै लैजाने योजना रहेको निर्देशक पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, “यस कार्यक्रमअन्तर्गत खरायोले बच्चा जन्माएपछि तीनवटा उक्त संस्थालाई हस्तान्तरण गर्नुपर्ने हुन्छ, बाँकी रहेका खरायो आफूखुसी बिक्रीका साथै उत्पादन वृद्धि गर्न सकिनेछ ।”यसरी फिर्ता गरिएका खरायोका बच्चा पुनः अन्यत्र सहयोग गरिने सो संस्थाले जनाएको छ । केही वर्षअघि खरायोका मासु बिक्री नभएर किसान चिन्तित भएको अवस्थामा अहिले मागअनुरूप पूर्ति गर्न नसकिएको र्‍याबिट कर्न्सन नेपालका संरक्षक किरण पौडेलले बताउनुभयो । पोथी खरायोले छ महिनामा भाले लिन तयार हुन्छन्, एकपटकमा चार वटादेखि बाह्र वटासम्म बच्चा जन्माउन सक्ने क्षमता हुन्छ ।



भाले लिएको ३० दिनभित्र पोथी खरायो ब्याएपछि नौ/दश दिनसम्म दूध खुवाउनुपर्छ, त्यसपछि घाँस, मकै र पानी खुवाएर पाल्न सकिन्छ । उहाँले भन्नुभयो, “चार महिनामा दुईदेखि पाँच किलोग्रामसम्म तौल हुने र जिउँदो प्रतिकिलोग्राम २५० देखि ३०० रुपैयाँसम्ममा बिक्री हुने गरेको छ।”

गरिबी निवारणका लागि व्यावसायिक रुपमा अघि बढाउन संस्थाको लगानीमा किसानलाई केजसहित खरायोका बच्चा सहयोग गरिएको संरक्षक पौडेलले बताउनुभयो । अन्य पशुको तुलनामा खरायोको मृत्युदर कमी हुन्छ । विश्वमै पाइने चारखुट्टे जनावरमध्ये यसको मासु उत्तम र फाइदाजनक मानिन्छ।

**किन पाल्ने खरायो ?**

थोरै लगानीबाट सुरु गर्न सकिने व्यवसायका रूपमा खरायोपालनलाई लिन सकिन्छ। कम मिहिनेत र सानो क्षेत्रफलमा व्यवसाय सञ्चालन गर्न सकिने भएकाले निम्न वर्गका मानिसले पनि खरायो पाल्न र आम्दानी लिन सक्नेछन् । पाहुना सत्कार एवं आम्दानीको स्रोत, घरायसी आहारा (घाँस एवं अन्नपात), बहुआयामिक उपयोग (मासु, छाला, ऊन, मल) प्रयोग गर्न सकिने र्‍याबिट कर्न्सन नेपालका संरक्षक किरण पौडेलले बताउनुभयो। स्थानीय सामग्रीबाट खोर निर्माण गर्न सकिने थोरै माउ खरायोबाट निरन्तर उत्पादन हुने, कुपोषणको अन्त्य र गरिबी निवारणमा सघाउ पुग्नुका साथै रोजगारीको सरल माध्यमका रूपमा यस व्यवसायलाई लिन सकिन्छ । मासु आयात प्रतिस्थापन गर्दै निर्यातको समेत सम्भावना रहेकाले भावी दिनमा मासु, ऊन र छालाजन्य हस्तकला उद्योग सञ्चालन गर्न सकिने अपेक्षा गरिएको छ।

**खरायो मासुका बिशेषता**

मासु स्वादिलो एवं स्वस्थकरका साथै सेतो मासु वर्गमा प्रमुख, सुपाच्य प्रोटिनको प्रचुरता र न्यून कोलेस्ट्रोल एवं चिल्लो पदार्थ पाइने संरक्षक पौडेल बताउनुहुन्छ । न्यूनतम क्यालोरी ओमेगा-३ को स्रोत प्रशस्त पाइन्छ। मानव शरीरका लागि आवश्यक क्याल्सियम, फस्फोरस पोटासियम, आइरनको उपलब्धता हुन्छ भने मुटु, दम, मधुमेहलगायत रोगमा लाभदायी हुने भएकाले खरायोको मासुको माग बढ्दो अवस्थामा रहेको पाइन्छ।

# गाउँपालिकाका ९६ श्रमिक मजदुर कोषमा सूचीकृत

**पोखरापत्र संवाददाता**
दमौली, २८ बैशाख

यहाँको म्याग्दे गाउँपालिकाले ९६ जना श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरेको छ। गाउँपालिकाको लक्ष्यअनुरूप अनौपचारिक क्षेत्रका श्रमिकहरूको आर्थिक अवस्था सबल बनाउन गाउँपालिकाले दुई चरणमा गरी ती श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरेको हो।

चालु आर्थिक वर्षमा गाउँपालिकाले पहिलो चरणमा ६६ र दोस्रो चरणमा ३० जना श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरिसकेको छ । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ र उपाध्यक्ष बालकृष्ण घिमिरेले श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरिएको प्रमाणपत्र हस्तान्तरण गर्नुभएको छ । मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि, २०८१ को दफा १२ बमोजिम गठित वडास्तरीय विपन्न मजदुर छनोट समितिले दफा १३ को उपदफा १ बमोजिम सिफारिस गरेको अङ्कलाई गाउँपालिका मजदुर सञ्चित कोष सञ्चालन तथा विपन्न मजदुर छनोट समितिले पुनरावलोकन गरी मजदुरलाई सञ्चित कोषमा आबद्ध गराउने निर्णय गरेको थियो । जीवनभर अर्काका लागि श्रम गर्ने तर अप्ठ्यारो परेका बेला कोही नहुने तथा आर्थिक अवस्था कमजोर हुने विपन्न मजदुर वर्गलाई लक्षित गरी गाउँपालिकाले मजदुर सञ्चित कोष कार्यान्वयन गरिएको गाउँपालिकाका अध्यक्ष श्रेष्ठले बताउनुभयो । दैनिक आठ सयदेखि एक हजार ५०० रुपैयाँसम्म आम्दानी गर्ने भए पनि न्यून बचतका कारण सङ्कटको अवस्था सामना गर्न असहज हुने तथा शिक्षा, स्वास्थ्य, आवासलगायत मानवीय एवं सामाजिक विकासको अवस्था कमजोर भएका मजदुर वर्गका लागि यो ‘म्याग्दे गाउँपालिकाको मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि, २०८१’ कोषको स्थापना गरिएको हो। मजदुर वर्गलाई लक्षित गरी गाउँपालिकाले मजदुर सञ्चित कोष कार्यान्वयनमा ल्याएको गाउँपालिकाले जनाएको छ । उक्त कोष कार्यान्वयनमा ल्याउने म्याग्दे गाउँपालिका गण्डकी प्रदेशको दोस्रो र तनहुँको पहिलो स्थानीय तह हो। यसअघि स्याङ्जाको फेदीखोला गाउँपालिकाले उक्त कोष कार्यान्वयनमा ल्याएको थियो । पालिकाको मजदुर सञ्चित कोष सञ्चालन कार्यविधिबमोजिम पालिकाभित्रका १८ देखि ५९ वर्षका दैनिक ज्यालादारीमा काम गर्ने विपन्न मजदुरलाई लक्ष्य गरी कोष स्थापना गरिएको छ। सूचीकृत मजदुरले सार्वजनिक विकास निर्माणका काममा संलग्न हुँदा प्राप्त गर्ने ज्याला रकम अनिवार्य रूपमा बैंकिङ प्रणालीबाट भुक्तानी प्राप्त गर्नेछन् । भुक्तानीका क्रममा रकम ज्यालाबाट १५ प्रतिशत कट्टा गरेपश्चात् पालिकाका तर्फबाट १५ प्रतिशत रकम चौमासिक रूपमा मजदुरको बैंक खातामा बचत गर्ने व्यवस्था छ। उक्त मजदुरले पालिकाबाट थप हुने १५ प्रतिशत रकमबाहेक स्वास्थ्य बीमालगायतका अन्य सुविधा पाउने व्यवस्था गरिएको छ।

# बजेट अभाव, अब गैँडा गणना अर्को वर्ष

**रासस**
चितवन, २८ बैशाख

बजेटको अभावमा गत वर्ष रोकिएको दुर्लभ एकसिङ्गे गैँडाको गणना यस वर्ष पनि नहुने भएको छ । हरेक चार वर्षमा हुँदै आएको गैँडाको गणना यस वर्ष बाघको गणना परेकाले गर्न नसकिएको हो।

गैँडा गणना आनुवंशिक ‘जेनेटिक’ विधिबाट गरिन्छ । बर्खा लागेसँगै कार्यक्षेत्रमा खटिएर गणना गर्न नसकिने भएकाले अर्को वर्षमात्रै गरिनेछ। गणनाको काम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गर्छ।

विभागको वन्यजन्तुको सर्वेक्षणसँग सम्बन्धित प्राविधिक समितिको बैठकले आनुवंशिक विधिबाट गैँडा गणना गर्न आवश्यक ‘प्रोटोकल’ बनाउने निर्णय गरेको छ । समितिका संयोजक एवं विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले प्रोटोकल तयार गर्नका लागि छलफल सुरु भइसकेको जानकारी दिनुभयो।

आनुवंशिक विधिबाट गणना गर्दा जनशक्ति परिचालन गरी गैँडाको गोबर (मल) सङ्कलन गरेर प्रयोगशालामा डिएनए परीक्षणबाट सङ्ख्या र लिङ्ग पहिचान गर्ने गरिन्छ । एउटा गैँडा र अर्कोको गोबरको ‘जेनेटिक स्ट्रक्चर’ फरक हुने गर्दछ। आचार्यका अनुसार सामान्यतया गैँडाले एकै ठाउँमा दिसा गर्छन् । ती ठाउँहरूको पहिचान गरी सिसी क्यामरा जडान गरेर पटकपटक गोबर सङ्कलन गरिन्छ। यी सबै कामलाई कसरी गर्ने भन्ने विषय प्रोटोकलमा उल्लेख गरिने उहाँले जानकारी दिनुभयो।

मुख्य रूपमा चितवन राष्ट्रिय निकुञ्जमा यो विधिबाट गैँडाको गणना गरिने छ । ठूलो क्षेत्र भएकाले कति प्रतिशत भूभागबाट गोबर सङ्कलन गर्ने भन्ने विषय प्रोटोकलमा निर्धारण गरिने छ। गैँडाको वासस्थान, खोलाको किनार, घाँसेमैदान, नदी तटीय वन क्षेत्र हुने गर्दछ । नेपालका चार निकुञ्जमा गैँडा पाइन्छन्। बर्दिया, शुक्ला र पर्सामा प्रत्यक्ष रूपमा हेरेर गणना गर्न सकिने भएकाले यो बिधि चितवन राष्ट्रिय निकुञ्जमा मात्र प्रयोग गरिने छ।

नेपालमा यो विधिबाट हिउँ चितुवाको मात्रै गणना गरिँदै आएको छ। विगतमा गणना गर्दै आएको विधिभन्दा कम खर्चिलो र सुरक्षित हुने जनाइएको छ । विगतमा ब्लक छुट्याएर प्रत्यक्ष गणना विधि प्रयोग गरिँदै आएको थियो। यो विधिबाट गणना गर्दा निकै खर्चिलो हुने र जोखिमपूर्ण हुने गरेको छ।

आचार्यका अनुसार सन् २०२१ मा गैँडा गणना गर्दा रु तीन करोड हाराहारी खर्च भएको थियो। सो क्रममा एक जना प्राविधिक हात्तीबाट लडेर गम्भीर घाइते भएका थिए। यसरी गणना गर्दा तीन साता लाग्छ। त्यसमा ठूलो सङ्ख्यामा हात्तीलगायतका सवार ासाधनसहित प्राविधिक जनशक्ति परिचालन गर्नुपर्ने हुन्छ। आचार्यले अहिलेसम्म प्रयोग गरिएको प्रत्यक्ष र ‘फोटो आइडी’ विधिबाट भन्दा आनुवंशिक विधिबाट गणना गर्दा वैज्ञानिक आधारमा सबैले मान्ने विधि भएकाले यसतर्फ विभागको ध्यान गएको बताउनुभयो।

सन् २०२१ मा गरिएको गणनामा देशभरका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रमा ७५२ गैँडा फेला परेका थिए । सन् १९६० को दशकमा गैँडाको सङ्ख्या घटेर करिब १०० को हाराहारीमा झरेको थियो। नेपालमा सन् १९५० को दशकमा ८०० गैँडा रहेको अनुमान छ । सन् २०२१ को गणनामा चितवन राष्ट्रिय निकुञ्जमा मात्रै ६९४, बर्दिया राष्ट्रिय निकुञ्जमा २९ गैँडाबाट बढेर ३८ र शुक्लाफाँटमा १८ पुगेको थियो।

# धौलागिरि हिमाल आरोहण वापत एक करोड ३४ लाख सलामी दस्तुर

**पोखरापत्र संवाददाता**
गण्डकी, २८ बैशाख

धौलागिरि हिमाल आरोहणबापत यस याममा सरकारले एक करोड ३४ लाख ५४ हजार ५५० सलामी दस्तुर सङ्कलन गरेको छ।

यस यामका लागि कूल चार समूहमा १८ पुरुष र १२ महिला गरी ३० जनाले धौलागिरि अरोहणका लागि अनुमति लिनुभएको पर्यटन विभागका निर्देशक निशा थापा राउतले जानकारी दिनुभयो । म्याग्दीको धौलागिरि गाउँपालिका-४ मा पर्ने यो हिमाल आठ हजार १६७ मिटर उचाइमा रहेको छ। अन्नपूर्ण हिमालको आरोहणपछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण भएकोले पर्वतारोहण पर्यटनमा गण्डकी प्रदेशको अग्रणी स्थान रही आएको छ। अघिल्लो याममा यो हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका थिए । समयसमयमा परिवर्तन हुने मौसमका कारण आरोहणका दृष्टिले धौलागिरि हिमाललाई कठिन हिमालका रूपमा लिइने नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका पूर्वअध्यक्ष शेषकान्त शर्माले जानकारी दिनुभयो।

“समयसमयमा हुने मौषमको परिवर्तनका साथै भौगालिक अवस्थिति धौलागिरि हिमाल आरोहणका लागि मुख्य चुनौती हो”, उहाँले भन्नुभयो, “यो हिमाल विशेष गरी जोखिमपूर्ण साहसिक हिमाल आरोहण रुचाउने आरोहीको रोजाइमा पर्ने गरेको छ ।” सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक यस हिमालको सफल आरोहण गर्नुभएको थियो । उहाँसहित डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धौलागिरिको चुचुरोमा पुग्नुभएको थियो। पहिलो आरोहण भएको दिनको सम्झनामा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल(टान) गण्डकीसहित विभिन्न सङ्घसंस्थाले प्रत्येक वर्षको मे १३ को दिनलाई धौलागिरि आरोहण दिवसका रूपमा मनाउँदै आएका छन् । यस वर्ष पनि मे १३ नजिकिँदै गर्दा यसको आरोहण दिवस मनाउनका लागि तयारी गरिएको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । धौलागिरि हिमाल आरोहणको ६६ औँ वर्ष पूरा हुँदै गरेका अवस्थामा यस वर्ष ६६ औँ धौलागिरि हिमाल आरोहण दिवस उक्त हिमाल जाने अन्तिम मुदी गाउँमा विशेष कार्यक्रमका साथ मनाउन लागिएको उहाँले बताउनुभयो । “धौलागिरि हिमालको महिमा र गरिमालाई उचो बनाउनुका साथै यस हिमालसँग जोडिएका गाउँहरूको पर्यटन प्रवर्द्धन गर्ने गरी हामीले कार्यक्रम तय गरेका छौँ”, उहाँले भन्नुभयो, “दिवसका अवसरमा यस वर्ष धौलागिरि हिमालको काखमा रहेका मुना गाउँ, मुदी गाउँ आदिसँगै यस क्षेत्रको पर्वतीय पर्यटनसहित पदयात्रा प्रवर्द्धन गर्न लागिएको हो ।” दिवसकै अवसरमा धवलागिरि हिमाल आरोहण गरेका आरोहीलाई सम्मान गर्ने योजना रहेको उहाँले बताउनुभयो । पछिल्ला समयमा पदमार्गहरू हराउँदै मासिँदै गएका अवस्थामा हिमाल आरोहणसँगै पदयात्रा पर्यटनका लागि धौलागिरि चक्रीय पदमार्गलाई महत्वपूर्ण विकल्पका रूपमा अघि बढाउन सकिने उहाँको भनाइ छ । चट्टानी पहाड, जङ्गल, खोलानाला हुँदै पदयात्रा गर्नुपर्ने भएकाले धौलागिरि चक्रीय पदमार्गलाई साहसिक पदमार्गका रूपमा लिइन्छ । पछिल्ला समयमा २०६८ यता यस क्षेत्रमा पदयात्राका लागि आउने पर्यटकको सङ्ख्या बढ्दो क्रममा रहेको व्यवसायीहरू बताउँछन्।

# माउन्ट अन्नपूर्णमा नमूना निर्वाचन

**पोखरापत्र संवाददाता**
गण्डकी, २८ बैशाख

पोखरा ३ नदिपुर भिसी मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालयमा नमूना निर्वाचन पक्रिया सम्पन्न भएको छ।

सोमबार भएको नमूना निर्वाचन मार्फत निर्वाचन विधी र प्रक्रियाबारे विद्यार्थीहरुलाई सचेत गराउन नमूना निर्वाचनको कार्यक्रम आयोजना गरिएको बिद्यालयका प्राचार्य सईन्द्रराज श्रेष्ठले बताए। नमूना निर्वाचन कार्यक्रम मार्फत संवैधानिक निकायको रुपमा रहेको निर्वाचन आयोगकै संरचनामा आधारित रहेर, 'निर्वाचन आयोग,माउन्ट अन्नपूर्ण' समेत गठन गरिएको थियो। जसमा विद्यालयका प्राचार्य सईन्द्रराज श्रेष्ठ प्रमूख निर्वाचन आयुक्त, सञ्चालकहरु तेजबहादुर गुरुङ, चिजकाजी



गुरुङ, चित्र गुरुङ र झम गुरुङ निर्वाचन आयुक्तको रुपमा रहेका थिए।

प्रवक्ताको जिम्मेवारी शिक्षक शिव शंकर बस्याललाई दिइएको थियो भने त्यसैगरी परीक्षा प्रमुख शुभ श्रेष्ठ निर्वाचन अधिकृत, मतदान अधिकृतमा सेजल विजुक्छे रहेका थिए । उक्त नमूना निर्वाचनका निमित्त निर्वाचन आयोग, गण्डकी प्रदेशसंग समन्वय समेत भएको प्रवक्ता बस्यालले जानकारी गराएका थिए। नमूना निर्वाचन मार्फत् विभिन्न सदनको नेतृत्व समेत छनौट भएको थियो। जसमा पहैँलो सदनबाट कस्मिक विश्वकर्मा, हरियो सदनबाट प्रस्ताव विश्वास, निलो सदनबाट प्रकृति पून र रातो सदनबाट सायल पून सदन नेताको रूपमा छनोट भएका हुन् । सदन नेताहरु पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली मार्फत् निर्वाचित भएका हुन्।

उक्त निर्वाचनमा मतदाता नामावली संकलन, परिचयपत्र वितरण,उम्मेदवारी दर्ता, निर्वाचन घोषणापत्र तयारी , चुनाव चिन्ह वितरणपश्चात् स्वच्छ ,निष्पक्ष र धाँधलीरहित तरिकाबाट सम्पन्न भएको साथै नमूना सुरक्षाकर्मी, कर्मचारी, प्रतिनिधि समेतको व्यवस्था गरिएको मतदान अधिकृत सेजल विजुक्छेले जानकारी गराएका थिए । प्रमूख आयुक्त श्रेष्ठले यस्तो खालको नमूना निर्वाचनले विद्यार्थीहरुलाई निर्वाचनबारे स्पष्ट हुन मद्दत मिलेको बताए । त्यसै गरी निर्वाचन परिणाम घोषणा कार्यक्रममा बोल्दै आयुक्त चित्र गुरुङले निर्वाचनले विद्यार्थीहरुमा लोकतान्त्रिक विधी र प्रक्रिया, भविष्यमा राज्यका विभिन्न तहको निर्वाचनमा मतदान गर्न र प्रतिनिधिको रूपमा प्रत्याशी बन्न समेत प्रेरणा मिलेको बताए।

कार्यक्रमबारे बोल्दै इसिए डाइरेक्टर तेजबहादुर गुरुङले विद्यालय तहदेखि नै विद्यार्थीलाई लोकतान्त्रिक अभ्यास र निर्वाचन प्रक्रियाबारे व्यवहारिक ज्ञान दिन आवश्यक रहेको बताए । उनले निर्वाचन केवल मतदानमा सीमित विषय नभई नेतृत्व चयन, जिम्मेवारीबोध, अनुशासन र नागरिक सचेतनासँग प्रत्यक्ष जोडिएको प्रक्रिया भएको उल्लेख गरे।

गण्डकी प्रदेशकै पहिलो निजी तहबाट सञ्चालित विद्यालयको रुपमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले बिगत १७ बर्ष देखि म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट र माउंटेनियरिंङ बिषयमा कक्षा १२ सम्म पढाई हुदै आइरहेको छ । बिद्यालयले यसै वर्षदेखि कम्प्युटर साइन्सको पनि पढाइ शुरु गर्न लागेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११, सर्वेश्वर मिलिजुली मानव सेवा समिति भवन स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सर्वेश्वर मिलिजुली मानव सेवा समिति भवन स्तरोन्नति

ठेगानाः पोखरा-११

योजना सम्पन्न हुने मितिः २०८३/०२/१० गते

योजनाको कुल लागतः रु. ४,४४,७६०।-

महानगरपालिकाबाटः रु. ४,००,०००।-

जनसहभागिताबाटः रु. ४४,७६०।-

उपभोक्ता समिति अध्यक्षः कृष्ण प्रसाद आचार्य

सम्पर्क नं.: ९८४६०५३५०५

उपभोक्ता समिति सदस्यः ११ जना महिलाः ४ पुरुषः ७ जना

**सर्वेश्वर मिलिजुली मानव सेवा समिति भवन स्तरोन्नति उपभोक्ता समिति पोखरा-११**